नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछि गएका पराकम्पहरूबाट जीवन गुमाएका व्यक्तिहरूको स्मृतिमा आयोजित तेस्रो भूकम्प स्मृति दिवस, २०७५ लाई सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले गर्नु भएको सम्बोधनका मुख्य बुँदाहरू सम्बन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति मार्फत प्रकाशित गरिएको छ।

१. आज हामी तीन वर्ष अघिको प्राकृतिक विपत्तिको क्षणको स्मरण गरिरहेका छौं। भूकम्प र पराकम्पबाट भएको क्षतिको पिडा अहिले पनि अनुभूत भई रहेको छ। यस अवसरमा भूकम्पमा परी आफ्नो ज्यान गुमाउनु हुने सबै प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, घाइते दाजुभाई दिदीबहिनीहरू प्रति सहानुभूति र सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. पुर्खाले ठूलो मेहनतका साथ सिर्जना गरेका हाम्रा महत्वपूर्ण सम्पदा, संरचना र आस्थाका केन्द्रहरूमा ठूलो नोक्सानी भएकोमा हामीलाई पिडाबोध भएको छ।

३. विपतबाट भएको क्षति र अब भविष्यका लागि अपनाउनु पर्ने सावधानी तथा त्यसका लागि चाल्नु पर्ने कदम प्रति हाम्रो ध्यान आकृष्ट हुनु जरूरी छ।

४. सम्पूर्ण सरकारी, गैर सरकारी र जनस्तरबाट म यसतर्फ सजगताका लागि ध्यानाकर्षण गराउन चाहन्छु। यसका लागि हामी सक्षम पनि छौं। तर हामी सबै मिलेर अघि बढ्नु पर्ने आवश्यकता छ।

५. भूकम्पको समयमा देश राजनीतिक सक्रमण र संविधान निर्माणको अवस्थामा थियो। लोकतान्त्रिक नेपालको परिकल्पनामा यो प्राकृतिक विपत्तिले ठेस लागे पनि हामी पछारिएर फेरि उठेका छौं।

६. हामीले संविधान निर्माण गर्‍यौं। पुनःनिर्माणको कामलाई संगसंगै अघि बढायौं र बीसौं वर्षदेखि हुन नसकिरहेको स्थानीय तहको चुनाव सम्पन्न गर्‍यौं।

७. हामीले यही धरहरा कै प्राङ्गणमा विगतमा **"मै बनाउँछु मेरो धरहरा"** अभियानको शुरूवात गरेका थियौं। २०७२ साल फागुन ४ गते यसै ठाउँमा उभिएर मैले भनेको थिए- **"मै बनाउँछु मेरो धरहरा"**। म बोलीरहेको बेला हुलबाट आएर एकजना बृद्ध मानिसले मलाई एक हजार रूपैयाँ थमाउनु भयो, यसैबाट शुरू गरौ भनेर। हामी तीन करोडले यसो गर्छौं भने हामी किन

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

सक्दैनौं भन्नु भएको थियो वहाँले। तर आज यो भग्नावशेष जस्ताको तस्तै छ। यो भुई जस्तो थियो त्यस्तै छ। यस बीचमा रुखमा पात दुई पल्ट झरे र दुईपल्ट पलाए। तर यहाँको अवस्था जस्ताको तस्तै छ। फेरि हामीले हाम्रो संकल्पलाई ब्युझाउनु परेको छ।

८. तीन वर्षपछि आज हामीसंग स्थानीय सरकार छ। रानीपोखरी, काष्ठमण्डप, बसन्तपुर दरबार र धरहरालाई महत्वपूर्ण सम्पदा सम्झेर चासो राख्नेका सन्ततिहरू जनप्रतिनिधि बनेर आएका छन्। यस अर्थमा केही अनुकूलता पनि थपिएको छ। त्यसैले ज्यादै निराश हुनु पर्ने अवस्था पनि छैन।

९. २०७२ साल असारमा भृकुटी मण्डपमा आयोजित कार्यक्रममा हामीले भूकम्प पछिको व्यवस्थापन र पुनःनिर्माणको लागि जुट्ने प्रतिबद्धता व्यक्त गरेका थियौं। त्यस अनुरूप १ वर्षको छोटो समयमा पनि हामीले २७२७६ अस्थायी आवास, १०१३ शिक्षण संस्थाहरू निर्माण गरेर जनजीवनलाई सहज बनाउन सफल भएका थियौं। त्यही अवधिमा २२,००० भग्नावशेषहरू सफा गरिएको थियो। यी कामहरू बिना कुनै सरकारी खर्च जनताको सहभागितामा भएका थिए। यसबाट पनि हाम्रो प्रतिबद्धता भयो भने गर्न सकिन्छ भन्ने प्रष्ट हुन्छ।

१०. धरहरा हाम्रो शानको उचाइ थियो। हाम्रो स्वाभिमानको उचाइ थियो। अब धरहरा फेरी यही स्वाभिमान सहित उठ्छ र अविलम्ब उठ्छ। पौराणिकता र कलात्मकतामा उस्तै तर हिजोको भन्दा बलियो गरी उठ्छ। म सबैलाई भावनामा नबग्न, अनेकतामा नजान र व्यक्तिगत स्वार्थहरूमा नअल्मलिन आग्रह गर्दछु।

११. व्यापारिक प्रयोजनलाई अगाडि सारेर आह्वान गर्दा अनेक पक्षहरू अगाडि आउन सक्छन्। तर यो व्यापारिक प्रयोजनको लागि बनेको होइन। संरक्षणको निःस्वार्थ भावनाले बनेको हो। राष्ट्रिय पुनःनिर्माण प्राधिकरण र स्थानीय सरकारले काम अगाडि बढाई रहेका छन्। यसमा छलफल र बहस गरौं तर यसलाई विवादको विषय नबनाऔं।

१२. खुला ठाउँ नमासिऊन। जग्गाको अतिक्रमण अब अन्त्य हुन्छ। सरकारका लागि यो मान्य हुन सक्दैन। पाल समेत राख्न नमिल्ने अवस्था अब हुनु हुँदैन। फराकिलोपनको आवश्यकता छ। देश, समुदाय र सामूहिकतालाई ध्यानमा राखेर तीब्ररुपले पुनःनिर्माणमा ध्यान दिऔं। एउटामात्र क्षेत्रले देश अगाडि बढ्दैन। समग्र क्षेत्रमा देशलाई अघि बढाउनु पर्नेछ। हामी सबै एकताबद्ध भएर यो अभियानमा लागौं।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

१३. मौरीले आफ्नो घारमा काम गर्छ। तर आज हामी आफ्नो घार छाडेर अरूकीमा काम गर्न गइरहेका छौं। अरूका घर, होटल, बाटाघाटा, रंगशाला निर्माण गर्न गइरहेका छौं। यो अवस्थामा परिवर्तन ल्याउनु जरुरी छ।

१४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देश बाहिर जानेहरू खचाखच छन्। यसमा परिवर्तन हुनु पर्छ। खान, लाउन, बस्न र रोजगारी पाएको जनतामात्र सबल हुन्छन्। आजको हाम्रो ध्यान यस्तै बलियो जनता, समृद्ध नेपाल र विकसित नेपालतर्फ नै हो।

१५. आफ्नो बस्ने घर भएको, रोजगारी पाएको, भोकबाट मुक्त भएको, स्वास्थ उपचार पाएको जनतामात्र बलियो हुन्छ। यसैका लागि काम गर्ने हो।

१६. भूकम्पबाट जोगिन फैलाइने सचेतनाका कार्यक्रमहरूमा पनि सुधार हुनु जरूरी छ। यो हामीले अनुभव पनि गरिसकेका छौं। यसका लागि मजबुद संरचनाहरूको निर्माण नै महत्वपूर्ण कुरा हो।

१७. जापान र कोरिया जस्ता विकसित देशहरूले आधुनिक प्रविधि प्रयोग गरी भवन र संरचनाहरू बनाएका छन्। हामीले पनि हाम्रो गौरबपूर्ण परम्पराको जगेर्नाको साथ साथै आधुनिक प्रविधि प्रयोग गरी संरचनाहरू बलियो बनाउनु पर्ने आवश्यकता छ। तीन वर्ष अघि गएको भूकम्पबाट ८९८९ जनाको निधन भएको, २२३०९ घाइते भएका, लगभग ७०६ अर्बको क्षति भएको, ७,६७,७०५ जना आवास विहीन बन्न पुगेका थिए। ७५५३ शिक्षण संस्थाहरूमा नोक्सान भएको थियो, ११९७ स्वास्थ्य संस्थाहरुमा क्षति भएको थियो, ३७९ सरकारी भवनहरु नोक्सान भएका थिए। ७५३ वटा पुरातात्विक सम्पदाहरू ध्वस्त भएका थिए। ३८३ वटा सुरक्षा निकायका भवनहरू ध्वस्त भएका थिए। एकदमै जोखिमयुक्त वस्ति २८० वटा र घरसंख्या ३७९४ थिए।

१८. यस अवधिमा हामीले १,४१,६२६ घरहरु निर्माण गरिसकेका छौं, अहिले ४,३६,२५० घरहरू निर्माण भइराखेका छन्। ३६१३ वटा सार्वजनिक विद्‌यालयहरू निर्माण भई सकेका छन् र १७१९ वटा शैक्षिक संस्थाहरू निर्माण भई रहेका छन्। ५८६ वटा स्वास्थ्य संस्थाहरू निर्माण सम्पन्न भएका छन्, १८० वटा निर्माण भई रहेका छन्। २२० वटा सरकारी भवन निर्माण सम्पन्न भई सकेका छन्, १४७ वटा निर्माण भई रहेका छन्। पुरातात्विक सम्पदाहरू मध्ये १०० वटा तयार भएका छन् र ३२९ वटा निर्माण भई रहेका छन्। सुरक्षा निकायका ७९ भवनहरू निर्माण भइसकेका छन्, १२६ वटा निर्माण भई रहेका छन्। ३८८ वटा

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

घरपरिवारहरूलाई हामीले असुरक्षित स्थानबाट सुरक्षित स्थानमा सारेका छौं। बाँकी कामहरू हामीले तीव्रताका साथ गर्नु छ।

१९. एकजना सामान्य व्यक्तिले धादिङमा आफ्नै पहलमा १५ वटा घर निर्माण गर्नु भयो। धुर्मुस-सुन्तली फाउण्डेशनले बस्तीहरू तयार गरेर योगदान पुऱ्यायो। यस्ता अनेकौं उदाहरणहरू छन् जसको प्रतिवद्धताले हामीलाई पुनःनिर्माणको काममा ठूलो सहयोग पुगेको छ। उहाँहरू सबैलाई म धन्यवाद दिन चाहन्छु।

२०. अब हामीले पुनःनिर्माणको कामलाई तीव्रता दिऔं। सबैलाई सहयोग गरौं। सबैले सहयोग गरौं। उस्तै देखिने तर बलियो संरचना तयार गरौं।

२१. "**मै बनाउँछु मेरो धरहरा**" हरेक नेपालीको नारा हो। म आफू पनि डोको खर्पन बोकेर आउन तयार छु। मैले सकेको योगदान म पनि दिन्छु। तर व्यवस्थित ढंगले थालौं। धरहरा, रानीपोखरी, काष्ठमण्डप, बसन्तपूर जस्ता सम्पदाहरूको निर्माणमा तीव्रता दिऔं। पुनः निर्माणका लागि पर्खिने समय छैन। छिटो गरौं।

२२. अन्त्यमा, प्राकृतिक विपत्तिमा परी जीवन गुमाउनेहरूको पुनःस्मरणका साथ हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै सबैलाई एकजुट भई अघि बढ्न आह्वान गर्दछु।

उक्त स्मृति सभामा नेपाल सरकारका माननीय मन्त्रीज्यूहरू, प्रधानमन्त्रीज्यूका मुख्य सल्लाकार र सल्लाहाकारज्यूहरू, काठमाडौं र ललितपुर महानगरपालिका तथा उपत्यकाका नगरपालिकाका प्रमुखहरू, नेपाल सरकारका मुख्यसचिव लगायत विशिष्ठ श्रेणीका अधिकृतहरू र अन्य कर्मचारीहरू, संचारकर्मीहरू लगायत महानगरवासीहरूको उपस्थिति रहेको थियो।

०७५/०१/१२

**१२ वैशाख २०७५**

**बिनोद बहादुर कुँवर**

**सहसचिव/प्रवक्ता**